# स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वनेको विधेयक

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा संशोधनः** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को "**दफा ३**" झिकि देहायको "**दफा ३**" कायम गरिएको छ ।

**"३. सुविधाः** (१) गाउँ कार्यपालिका, नगर कार्यपालिका, उपमहानगर कार्यपालिकाको अध्यक्ष/प्रमुख, उपाध्यक्ष/उपप्रमुख, वडाध्यक्ष र कार्यपालिकाका सदस्यले अनुसूची-१ (क),(ख) र (ग) मा उल्लेख भए बमोजिमको सुविधा पाउनेछन् ।

(२) जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र सदस्यले अनुसूची-१ (घ) मा उल्लेख भए बमोजिमको सुविधा पाउनेछन् ।

(३) गाउँ सभा, नगर सभा र उपमहानगर सभाका सदस्यले अनुसूची-१ (ङ) मा उल्लेख भए बमोजिमको सुविधा पाउनेछन् ।

(४) उपदफा (१), (२) र (३) बमोजिमका पदाधिकारीहरु बैठकमा जतिसुकै पटक सहभागी भएपनि एक महिनामा अनुसूचिमा उल्लेखित बैठक संख्या अनुसार मात्र बैठक भत्ता पाउनेछन् ।"

३. **मूल ऐनको दफा ४, ५, ६ र ७ मा संशोधनः** मूल ऐनको "**दफा ४, ५, ६ र ७**" लाई झिकिएका छन् ।

४. **मूल ऐनको दफा ८ मा संशोधनः** मूल ऐनको दफा ८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) कायम गरिएको छ ।

"(२) उपदफा (१) बमोजिम उपलव्ध गराइएको सहयोगीलाई मासिक रुपमा पन्ध्र हजारमा नवढ्ने गरी सभाले तोके बमोजिमको सहयोगी भत्ता उपलव्ध गराउन सक्नेछ ।"

५. **मूल ऐनको दफा ९ मा संशोधनः** मूल ऐनको दफा ९ को उपदफा (१) मा रहेको "**मासिक पारिश्रमिक सुविधा**" भन्ने शव्दहरु झिकिएका छन् ।

६. **मूल ऐनको अनुसूचिमा संशोधनः** मूल ऐनको अनुसूची १ झिकि संलग्न भए बमोजिमको अनुसूची १(क), १(ख), १(ग), १(घ) र १(ङ) कायम गरिएका छन् ।

## अनुसूची-१ (क)

(दफा ३ को उपदफा (१) संग सम्बन्धित)

**गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र गाउँ कार्यपालिकाका सदस्यको सुविधा**

| क्र.सं. | सुविधाको प्रकार | इकाइ | अध्यक्ष | उपाध्यक्ष | वडाध्यक्ष | का.पा. सदस्य |
|---|---|---|---|---|---|---|
| १. | बैठकभत्ता,प्रति बैठक | रु. | २५०० | २५०० | २००० | १५०० |
| २. | यातायात खर्च (प्रति बैठक ) | रु. | - | १००० | १००० | ५०० |
| ३. | टेलिफोन, मोबाइल (मासिक) | रु. | ४००० | ३००० | १५०० | १००० |
| ४. | पुस्तक, पत्रपत्रिका, इन्टरनेट (मासिक) | रु. | ३००० | २००० | १५०० | ५०० |
| ५. | अनुगमन भत्ता (आफ्नो स्थानीय तहभित्र/प्रति अनुगमन) | रु. | २५०० | २००० | १५०० | - |
| ६. | अतिथि सत्कार (मासिक) | रु. | १०००० | ३५०० | ३००० | - |
| ७. | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तहभन्दा वाहिर/प्रतिदिन) | रु. | १६०० | १६०० | १२०० | १२०० |
| ८. | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १५० | १५० | १२५ | १२५ |
| ९. | सवारी साधन | सरकारी सवारी साधन | १ | - | - | - |
| १० | यात्रा दुर्घटना विमा (सरकारी कामको सिलसिलामा) | रु. | १० लाख | १० लाख | ८ लाख | ८ लाख |

**नोटः-** (१) क्र.सं. १ को हकमा एक महिनामा बढीमा ४ वटा बैठकसम्मको वैठक भत्ताको रकम भुक्तानी दिन सकिनेछ ।

(२) क्र.सं. ५को हकमा आफ्नो स्थानीय तह वा वडाभित्रको विकास निर्माण वा सेवा प्रवाहको सम्वन्धमा एक महिनामा बढीमा ४ पटकसम्म गरिएको अनुगमनको लागि मात्र उल्लिखित रकम भुक्तानी गर्नुपर्नेछ।

(३) क्र.सं. ७ र ८ बमोजिम स्वदेश वा विदेश भ्रमण गर्दा लाग्ने यातायात खर्च टिकट बमोजिम उपलव्ध गराउन सक्नेछ ।

(४) सम्वन्धित स्थानीय तहवाट कुनैपनि सवारीसाधन उपलव्ध नभएको खण्डमा मात्र क्र.सं. २ बमोजिमको यातायात खर्च उपलव्ध गराउनु पर्नेछ । सम्वन्धित स्थानीय तहवाट सवारीसाधन उपलव्ध गराएको पदाधिकारीहरुले पाउने मासिक इन्धन र मोविलको हकमा सम्वन्धित सभाको निर्णय बमोजिम गर्नु पर्नेछ ।

**अनुसूची-१ (ख)**

**(दफा ३ को उपदफा (१) संग सम्बन्धित)**

**नगर कार्यपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष र कार्यपालिका सदस्यको सुविधा**

| क्र.सं. | सुविधाको प्रकार | इकाइ | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | का.पा. सदस्य |
|---|---|---|---|---|---|---|
| १. | बैठकभत्ता (प्रति बैठक) | रु. | २५०० | २५०० | २००० | १५०० |
| २. | यातायात खर्च (प्रति वैठक) | रु. | - | १००० | १००० | ५०० |
| ३. | टेलिफोन, मोबाइल (मासिक) | रु. | ५५०० | ५००० | ३००० | १५०० |
| ४. | पुस्तक, पत्रपत्रिका, इन्टरनेट (मासिक) | रु. | ६००० | ५५०० | २००० | १५०० |
| ५. | अनुगमन भत्ता (आफ्नो स्थानीय तहभित्र/प्रति अनुगमन) | रु. | २५०० | २००० | १५०० | - |
| ६. | अतिथि सत्कार (मासिक) | रु. | १०००० | ३५०० | ३००० | - |
| ७. | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तहभन्दा वाहिर/प्रतिदिन) | रु. | २००० | २००० | १५०० | १५०० |
| ८. | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १५० | १५० | १२५ | १२५ |
| ९. | सवारीसाधन | सरकारी सवारी साधन | १ | - | - | - |
| १०. | यात्रा दुर्घटना विमा (सरकारी कामको सिलसिलामा) | रु. | १० लाख | १० लाख | ८ लाख | ८ लाख |

नोटः- (१) क्र.सं. १ को हकमा एक महिनामा बढीमा ४ वटा बैठकसम्मको वैठक भत्ताको रकम भुक्तानी दिन सकिनेछ ।

(२) क्र.सं. ५को हकमा आफ्नो स्थानीय तह वा वडाभित्रको विकास निर्माण वा सेवा प्रवाहको सम्वन्धमा एक महिनामा बढीमा ४ पटकसम्म गरिएको अनुगमनको लागि मात्र उल्लिखित रकम भुक्तानी गर्नुपर्नेछ।

(३) क्र.सं. ७ र ८ बमोजिम स्वदेश वा विदेश भ्रमण गर्दा लाग्ने यातायात खर्च टिकट बमोजिम उपलव्ध गराउन सक्नेछ ।

(४) सम्वन्धित स्थानीय तहवाट कुनैपनि सवारीसाधन उपलव्ध नभएको खण्डमा मात्र क्र.सं. २ बमोजिमको यातायात खर्च उपलव्ध गराउनु पर्नेछ । सम्वन्धित स्थानीय तहवाट सवारीसाधन उपलव्ध गराएको पदाधिकारीहरुले पाउने मासिक इन्धन र मोविलको हकमा सम्वन्धित सभाको निर्णय बमोजिम गर्नु पर्नेछ ।

अनुसूची-१ (ग)

(दफा ३ को उपदफा (१) संग सम्बन्धित)

<u>उपमहानगर कार्यपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष र कार्यपालिका सदस्यको सुविधा</u>

| क्र.सं. | सुविधाको प्रकार | इकाइ | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | का.पा. सदस्य |
|---|---|---|---|---|---|---|
| १. | बैठकभत्ता (प्रति बैठक) | रु. | २५०० | २५०० | २००० | १५०० |
| २. | यातायात खर्च (प्रति वैठक) | रु. | - | १००० | १००० | ५०० |
| ३. | टेलिफोन, मोबाइल (मासिक) | रु. | ८००० | ५५०० | ४००० | २००० |
| ४. | पुस्तक, पत्रपत्रिका, इन्टरनेट (मासिक) | रु. | ८००० | ५५०० | ३००० | २००० |
| ५. | अनुगमन भत्ता (आफ्नो स्थानीय तहभित्र/प्रति अनुगमन) | रु. | ३००० | २५०० | १५०० | - |
| ६. | अतिथि सत्कार (मासिक) | रु. | १०००० | ६५०० | ५००० | - |
| ७. | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तहभन्दा वाहिर/प्रतिदिन) | रु. | २१०० | २००० | १६०० | १६०० |
| ८. | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १७५ | १७५ | १५० | १५० |
| ९. | सवारीसाधन | सरकारी सवारी साधन | १ | - | - | - |
| १०. | यात्रा दुर्घटना विमा (सरकारी कामको सिलसिलामा) | रु. | १० लाख | १० लाख | ८ लाख | ८ लाख |

नोटः- (१) क्र.सं. १ को हकमा एक महिनामा बढीमा ४ वटा बैठकसम्मको वैठक भत्ताको रकम भुक्तानी दिन सकिनेछ ।

(२) क्र.सं. ५को हकमा आफ्नो स्थानीय तह वा वडाभित्रको विकास निर्माण वा सेवा प्रवाहको सम्वन्धमा एक महिनामा बढीमा ४ पटकसम्म गरिएको अनुगमनको लागि मात्र उल्लिखित रकम भुक्तानी गर्नुपर्नेछ।

(३) क्र.सं. ७ र ८ बमोजिम स्वदेश वा विदेश भ्रमण गर्दा लाग्ने यातायात खर्च टिकट बमोजिम उपलव्ध गराउन सक्नेछ ।

(४) सम्वन्धित स्थानीय तहवाट कुनैपनि सवारीसाधन उपलव्ध नभएको खण्डमा मात्र क्र.सं. २ बमोजिमको यातायात खर्च उपलव्ध गराउनु पर्नेछ । सम्वन्धित स्थानीय तहवाट सवारीसाधन उपलव्ध गराएको पदाधिकारीहरुले पाउने मासिक इन्धन र मोविलको हकमा सम्वन्धित सभाको निर्णय बमोजिम गर्नु पर्नेछ ।

**अनुसूची-१ (घ)**

**(दफा ३ को उपदफा (२) संग सम्बन्धित)**

**<u>जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख तथा सदस्यको सुविधा</u>**

| क्र.सं. | सुविधाको प्रकार | इकाइ | प्रमुख | उपप्रमुख | सदस्य |
|---|---|---|---|---|---|
| १. | बैठकभत्ता (प्रति बैठक) | रु. | २५०० | २५०० | १५०० |
| २. | यातायात खर्च (प्रति वैठक) | रु. | - | १००० | १००० |
| ३. | टेलिफोन, मोबाइल (मासिक) | रु. | ८००० | ५५०० | २००० |
| ४. | पुस्तक, पत्रपत्रिका, इन्टरनेट (मासिक) | रु. | ८००० | ५५०० | २००० |
| ५. | अनुगमन भत्ता (आफ्नो जिल्लाभित्र/प्रति अनुगमन) | रु. | ३००० | २५०० | १००० |
| ६. | अतिथि सत्कार (मासिक) | रु. | १०००० | ६००० | - |
| ७. | स्वदेश भ्रमण भत्ता (आफ्नो जिल्लाभन्दा वाहिर/प्रतिदिन) | रु. | २१५० | २१०० | १६०० |
| ८. | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १७५ | १७५ | १५० |
| ९. | सवारीसाधन | सरकारी सवारी साधन | १ | - | - |
| १०. | यात्रा दुर्घटना विमा (सरकारी कामको सिलसिलामा) | रु. | १० लाख | १० लाख | ८ लाख |

नोटः- (१) क्र.सं. १ को हकमा एक महिनामा बढीमा ४ वटा बैठकसम्मको वैठक भत्ताको रकम भुक्तानी दिन सकिनेछ ।

(२) क्र.सं. ५को हकमा आफ्नो जिल्ला भित्रको विकास निर्माण वा सेवा प्रवाहको सम्वन्धमा एक महिनामा बढीमा ४ पटकसम्म गरिएको अनुगमनको लागि मात्र उल्लिखित रकम भुक्तानी गर्नुपर्नेछ।

(३) क्र.सं. ७ र ८ बमोजिम स्वदेश वा विदेश भ्रमण गर्दा लाग्ने यातायात खर्च टिकट बमोजिम उपलव्ध गराउन सक्नेछ ।

(४) सम्वन्धित जिल्ला समन्वय समितिवाट कुनैपनि सवारीसाधन उपलव्ध नभएको खण्डमा मात्र क्र.सं. २ बमोजिमको यातायात खर्च उपलव्ध गराउनु पर्नेछ ।जिल्ला समन्वय समितिवाट सवारीसाधन उपलव्ध गराएको पदाधिकारीहरुले पाउने मासिक इन्धन र मोविलको हकमा सम्वन्धित सभाको निर्णय बमोजिम गर्नु पर्नेछ ।

## अनुसूची-१ (ङ)

**(दफा ३ को उपदफा (३) संग सम्बन्धित)**

**गाउँ सभा, नगर सभा र उपमहानगर सभाका सदस्यले पाउने बैठक भत्ता**

| क्र.सं. | सुविधाको प्रकार | इकाइ | उपमहानगर सभा सदस्य | नगर सभा सदस्य | गाउँ सभा सदस्य |
|---|---|---|---|---|---|
| १. | बैठकभत्ता (प्रति बैठक) | रु. | २००० | १५०० | १५०० |
| २. | यातायात खर्च (प्रति वैठक) | रु. | १००० | १००० | १००० |
| ३. | पुस्तक, पत्रपत्रिका (मासिक) | रु. | २००० | २००० | २००० |
| ४. | संचार, टेलिफोन/इन्टरनेट (मासिक) | रु. | २००० | २००० | २००० |
| ५. | स्वदेश भ्रमण भत्ता (आफ्नो स्थानीय तहभन्दा वाहिर/प्रतिदिन) | रु. | १६०० | १५०० | १२०० |
| ६. | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १५० | १२५ | १२५ |
| ७. | यात्रा दुर्घटना विमा (सरकारी कामको सिलसिलामा) | रु. | ८ लाख | ८ लाख | ८ लाख |

**द्रष्टव्य :** यस ऐन बमोजिमका पदाधिकारी, सदस्य तथा सभाका सदस्यहरुले छिमेकी राष्ट्र भारतको चेन्नई, हैदरावाद, बैंगलोर, मुम्वई, दिल्ली, कोलकत्ता र वंगलादेशको ढाका र चटगाउँ वाहेक ति मुलुकहरुको अन्य स्थानमा रात विताउने गरी भ्रमण गर्दा अनुसूची १(क), १(ख), १(ग), १(घ) र १(ङ) मा उल्लिखित बिदेश भ्रमण भत्ताको पचास प्रतिशत रकममात्र दिईनेछ ।